annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ११९, पृष्ठ ८ | काठमाडौं, बिहीबार ११ भदौ २०८३ | श्रावण शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४६ | THURSDAY, AUGUST 27, 2026 | मूल्य : रु. १०

विपद्को सामना, साझा दायित्व

रसुवाको भोटेकोशी नदीको विनाशकारी बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिले हामी सबैलाई मर्माहत बनाएको छ । दुःखको यस घडीमा ज्यान गुमाउनुहुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना ।

घाइते तथा प्रभावितको शीघ्र उद्धार, उपचार र सुरक्षित बसोबास अहिलेको अहम् जिम्मेवारी हो ।

विपद्को सामना कुनै एक व्यक्ति, संस्था वा सरकारको मात्र जिम्मेवारी होइन- यो साझा दायित्व हो । यस्तो कठिन समयमा सम्पूर्ण नेपाली एकजुट भएर उद्धार–राहतमा खटिएका सुरक्षा निकायसहितको प्रयासमा साथ दिन आवश्यक छ । अहिले आरोप–प्रत्यारोपभन्दा पनि उद्धार, राहत र मानवीय सहयोगलाई प्राथमिकता दिनु नै नागरिक दायित्व हो ।

उद्धार तथा राहत कार्यमा अहोरात्र खटिनुभएका सुरक्षा निकाय, कर्मचारी, स्थानीय तह, स्वास्थ्यकर्मी, स्वयंसेवक, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

आगामी उद्धार, राहत र पुनर्निर्माणका हरेक चरणमा हातेमालो गर्न हाम्रो आग्रह छ ।

सूचना सम्प्रेषणमा जिम्मेवारी !

विपद्को समयमा सूचना पनि राहतजत्तिकै संवेदनशील हुन्छ । त्यसैले अपुष्ट समाचार, पुराना वा सन्दर्भ बाहिरका भिडियो–फोटो, अफवाह तथा पीडितको गोपनीयता र सम्मानमा असर पुग्ने सामग्री सामाजिक सञ्जाल वा सञ्चारमाध्यममा जथाभावी प्रसारण नगरौं ।

आधिकारिक र विश्वसनीय स्रोतबाट पुष्टि भएका सूचना मात्र साझा गरौं । पीडितको पीडा, गोपनीयता, सम्मान र मानवीय संवेदनशीलतालाई सदैव प्राथमिकतामा राखौं ।

मानवीय संवेदना, उद्धारमा सहकार्य र सूचनामा जिम्मेवारी- यही हो हाम्रो साझा दायित्व ।

आज हामी सबैको सानो सहयोग, संयम र जिम्मेवारीले कसैको जीवनमा ठूलो आशा जगाउन सक्छ । जीवन बचाउन सक्छ ।

आर्थिक सहयोगका लागि :

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष

हिमालयन बैंक लिमिटेड (डलर खाता)	1905631210046
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि.	01013243801, 02013243801
राष्ट्रिय वाणिज्य बैंक	1130100003762001, 1130100000006006
एभरेष्ट बैंक लिमिटेड	00100105200270, 00101102200012
नेपाल बैंक लिमिटेड	00211600510039000003, 00200100510039000001
ग्लोबल आइएमई बैंक लि.	00401010000057, 00411010000005
नबिल बैंक	1710017505285
कृषि विकास बैंक लि.	100201002907014
राष्ट्रिय वाणिज्य बैंक	1430100000025006, 1430100001164001

अन्नपूर्ण मिडिया नेटवर्क